# बीमा समिति

# लघुबीमा निर्देशिका, २०७१

बैशाख, २०७१
चावहिल, काठमाण्डौं

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम **"लघुबीमा निर्देशिका, २०७१"** रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ ।

(ग) **"बीमा समिति"** भन्नाले बीमा ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनुपर्छ ।

(घ) **"बीमक"** भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(ङ) **"लगानी गर्ने संस्था"** भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय संस्था, लघु वित्त कम्पनी तथा अन्य कर्जा दिने संस्था (सरकारी, सहकारी र गैर सरकारी संस्था (NGO/INGO) तथा ग्रामीण क्षेत्रमा सञ्चालित विभिन्न योजना समेतलाई सम्झनुपर्छ ।

(च) **"लघुबीमा"** भन्नाले त्यस्तो बीमालाई जनांउछ जसले न्यून आय भएका व्यक्तिहरुलाई लक्षित गरी अन्य बीमा व्यवसाय जस्तै सेवा प्रदान गर्दछ ।

(छ) **"लघु जीवन बीमा"** भन्नाले बीमकले निर्देशन ४ बमोजिम जारी गरेको लघु जीवन बीमा सम्झनु पर्छ ।

(ज) **"लघु निर्जीवन बीमा"** भन्नाले बीमकले निर्देशन ५ बमोजिम जारी गरेको लघु निर्जीवन बीमा सम्झनुपर्छ ।

(झ) **"लघु बीमालेख"** भन्नाले लघुबीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ ।

(ञ) **"लघुबीमा अभिकर्ता"** भन्नाले बीमकले नियुक्त गरेको लघुबीमा अभिकर्ताको रुपमा लघु बीमालेखको बिक्री बितरण गर्न भूमिका निर्बाह गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ । यस अन्तर्गत गैर सरकारी संस्था (NGO/INGO), सेल्फ हेल्प ग्रुप (SHG), लघु बित्त संस्था (MFI), व्यक्ति तथा अन्य समूह समेत पर्दछन ।

(ट) **"लघु उद्यम बीमा"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्था मार्फत लघुकर्जा प्रवाह सञ्चालन हुने आयमूलक व्यवसायसंग सम्बन्धित बीमालेख सम्झनु पर्छ ।"

**परिच्छेद -२**

# <u>लघुबीमा व्यवसाय सम्बन्धी व्यवस्था</u>

**३.** **<u>लघुबीमा व्यवसाय</u> :** (१) यो निर्देशिका प्रारम्भ भए पश्चात प्रत्येक बीमकले लघु बीमा व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) यस निर्देशिकाको अधीनमा रही बीमकले देहायका लघु बीमा व्यवसाय गर्न सक्नेछ :

(क) लघु जीवन बीमा व्यवसाय,
(ख) लघु निर्जीवन बीमा व्यवसाय, र
(ग) समितिले तोकिदिएको अन्य लघुबीमा व्यवसाय ।

(३) उप निर्देशन (२) बमोजिम बीमा व्यवसाय गर्दा जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु जीवन बीमा व्यवसाय र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लघु निर्जीवन बीमा व्यवसाय गर्नु पर्नेछ ।

(४) प्रत्येक बीमकले समितिले तोके बमोजिम लघुबीमा ब्यवसाय गर्नु पर्नेछ ।

**४.** **<u>लघु जीवन बीमा व्यवसाय</u>** : लघु जीवन बीमा व्यवसाय अन्तर्गत बीमकले अनुसूची- १ बमोजिमको बीमाङ्क, बीमाशुल्क र कमिशन अन्तर्गत रही देहायको बीमा व्यवसाय गर्न सक्नेछ :

(क) म्यादी लघु जीवन बीमा,
(ख) सावधिक लघु जीवन बीमा,
(ग) आजीवन लघु जीवन बीमा,
**(घ) लघु उद्यम जीवन बीमा,**
(ङ) समितिले तोकिदिए बमोजिमको अन्य लघु जीवन बीमा ।

**५.** **<u>लघु निर्जीवन बीमा व्यवसाय</u>** : लघु निर्जीवन बीमा व्यवसाय अन्तर्गत बीमकले बीमकले अनुसूची- १ बमोजिमको बीमाङ्क, बीमाशुल्क र कमिशन अन्तर्गत रही देहायका बीमा व्यवसाय गर्न सक्नेछ :

(क) गार्हस्थ लघुबीमा,
(ख) स्वास्थ्य लघुबीमा,
(ग) दुर्घटना लघुबीमा,
(घ) पशु तथा पन्छी लघुबीमा
(ङ) बाली लघुबीमा,
**(च) लघु उद्यम बीमा,**
(छ) समितिले तोकिदिए बमोजिमको अन्य लघु निर्जीवन बीमा ।

**६.** **<u>अन्य लघुबीमा सञ्चालन गर्न सक्ने</u>**: (१) निर्देशन ४ वा ५ मा उल्लिखित बीमा बाहेक बीमकले बीमा व्यवसाय अन्तर्गत न्यून आय भएको वर्गलाई लक्षित गरी अन्य कुनै लघुबीमा सञ्चालन गर्न चाहेमा त्यस्तो लघुबीमाको प्रकार, लक्षित क्षेत्र, वर्ग वा पेशा, व्यवसाय आदिको विवरण तथा त्यस्तो लघुबीमाको जोखिम धारण हुने गरी लघुबीमा योजना (स्किम) संलग्न गरी स्वीकृतीको लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम परेको निवेदन छानबिन गर्दा त्यस्तो लघुबीमा सञ्चालन गर्न उपयुक्त हुने देखिएमा समितिले आवश्यक शर्त समेत तोकी त्यस्तो लघुबीमा व्यवसाय गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस निर्देशन बमोजिम जारी हुने लघु बीमालेख समितिले तोकिदिए बमोजिम हुनेछ ।

७. **लघुबीमा अभिकर्ता तोक्ने** :(१) बीमकले आवश्यक्ता अनुसार प्रक्रिया पूरा गरी लघुबीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ता तोक्न सक्नेछ ।

(२) लघुबीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्तव्य, आचार संहिता तथा अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

८. **लघुबीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम तथा कर्तव्य :** बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, समितिबाट समय समयमा जारी भएका निर्देशन, निर्देशिका तथा परिपत्रको अधीनमा रही लघुबीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) बीमालेखको अधीनमा रही बीमकको तर्फबाट लघुबीमा सम्बन्धी कार्य गराउन सहयोग गर्ने,

(ख) बीमकले तयार गरेका लघुबीमा योजना सम्बन्धमा लक्षित वर्गलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराई लघुबीमा गर्न आवश्यक प्रस्ताव फाराम भराउने कार्यमा सहयोग गर्ने,

(ग) बीमकले लघुबीमा सम्बन्धी बीमालेख नवीकरण गराउन आवश्यक सहयोग गर्ने,

(घ) लघुबीमा बीमालेख बीमितलाई उपलब्ध गराउने सहयोग गर्ने,

(ङ) लघुबीमा सम्बन्धमा समितिले तोकिदिएका अन्य कार्य गर्ने/गराउने ।

९. **कमिशन पाउने :** लघुबीमा सम्बन्धी कार्य गरे बापत लघुबीमा अभिकर्ताले समितिद्धारा तोकिदिए बमोजिमको कमिशन पाउनेछ ।

१०. **बीमक जिम्मेवार हुने** : बीमकको सञ्चालक, कर्मचारी तथा लघुबीमा सम्बन्धी कार्य गर्ने लघुबीमा अभिकर्ताले लघु बीमालेख लिनेको हकहित विरुद्ध कुनै काम गरी नोक्सानी पुऱ्याएमा त्यसको जिम्मेवारी बीमकले लिनु पर्नेछ ।

११. **लघु बीमालेख सम्बन्धी व्यवस्था** : (१) बीमकले लघुबीमा व्यवसाय सञ्चालन गर्दा समितिले तोकिदिएको व्यवस्था वमोजिम लघुबीमालेख जारी गरी बीमालेख जारी गर्नुपर्नेछ ।

(२) लघुबीमा बीमालेखको शर्त, सुविधा, ढाँचा तथा अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

१२. **आधारभूत तालिम दिनुपर्ने :** (१) बीमकले लघुबीमा सम्बन्धी कार्य गर्ने कर्मचारी तथा आफुले नियुक्त गरेका लघुबीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्तालाई काममा लगाउनु पूर्व लघुबीमा सञ्चालन, व्यवस्थापन, वितरण, दावी भुक्तानी तथा अन्य प्रक्रियासम्बन्धमा आधारभुत तालिम दिनु पर्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम दिनुपर्ने तालिमको पाठ्यक्रम तथा अवधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## विविध

**१३. दाबी भुक्तानी :** (१) बीमकले आफु समक्ष परेका लघुबीमा दाबीको तत्काल छानबीन गरी दाबी भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम दाबी भुक्तानी गर्दा आफुले तोकेको लघुबीमाको दाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि १० (दश) दिन भित्र छानबिन गराई दायित्व यकिन गरी भुक्तानी गर्नुपर्नेछ ।

(३) उपनिर्देशन (२) बमोजिमको कागजात, विवरण तथा सिफारिस बमोजिम दाबी भुक्तानी गर्नु नपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई बीमितलाई लिखित जानकारी दिनुपर्नेछ ।

(४) दाबी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा बीमा नियमावली, २०४९ को नियम ३३ वमोजिम बीमा समितिमा उजुरी गर्न सक्नेछ ।

**१४. विवरण पठाउनु पर्ने :** (१) बीमकले आफूले जारी गरेको लघुबीमा सम्बन्धी बीमालेख, त्यस्तो बीमालेखले सिर्जना गरेको दायित्व तथा जोखिम र समितिले समय समयमा तोकिदिए बमोजिमका अन्य विवरणहरु प्रत्येक त्रैमासिक अवधि समाप्त भएको मितिले तीस (३०) दिन भित्र समितिमा पठाउनु पर्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम माग गरेमा त्यस्तो सूचना, कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित बीमकको कर्तव्य हुनेछ ।

१५. **अधिकार प्रत्यायोजन गर्ने :** बीमकले संघ, सस्था तथा समूहलाई सर्भे, अण्डरराईटिङ्ग, नवीकरण तथा दावी भुक्तानी गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **प्रचलित कानून बमोजिम हुने** : यस निर्देशिकामा उल्लेख नभएका बिषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **बाधा अड्काउ र फुकाउ :-** यस निर्देशिका अनुसार कुनै बाधा अड्चन आइपरेमा बीमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची

(निर्देशन ४ र ५ संग सम्बन्धित)

## लघुबीमाको किसिम, बीमाशुल्क र कमिशन सम्बन्धी व्यवस्था

| क्र.सं. | लघुबीमाको किसिम | अधिकतम बीमाङ्क | बीमा शुल्क (% ) | कमिशन | न्युनतम प्रवेश उमेर | अधिकतम प्रवेश उमेर |
|---|---|---|---|---|---|---|
| १ | गार्हस्थ लघुबीमा | २,००,०००।- | ०.२% | १५ % | - | - |
| २ | स्वास्थ्य लघुबीमा | ५०,०००।-(प्रति परिवार) (बढीमा ५ जना सदस्य रहने) | ४.०% | १५ % | बीमकको नियम अनुसार | बीमकको नियम अनुसार |
| ३ | दुर्घटना लघुबीमा | ३,००,०००।- | ०.१ % | १५ % | - | - |
| ४ | पशु तथा पन्छी लघुबीमा | १,५०,०००।- | ५ % | १५ % | - | - |
| ५ | बाली  लघुबीमा | ५०,०००।- | ५ % | १५ % | - | - |
| **६.** | **लघु उद्यम बीमा** | **७,००,०००।-** | ०.२ % | १५ % | - | - |
| ७ | म्यादी लघु जीवन बीमा | ३,००,०००।- | उमेर अनुसार | तोकिए बमोजिम | बीमकको नियम अनुसार | बीमकको नियम अनुसार |
| ८. | सावधिक लघु जीवन बीमा | ३,००,०००।- | उमेर अनुसार | तोकिए बमोजिम | बीमकको नियम अनुसार | बीमकको नियम अनुसार |
| **९.** | **लघु उद्यम म्यादी जीवन बीमा** | **७,००,०००।-** | **उमेर अनुसार** | **तोकिए बमोजिम** | **बीमकको नियम अनुसार** | **बीमकको नियम अनुसार** |